बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

प.सं.२०८२/०८३
च.नं.

मन्त्री
मा. कन्चन चन्द्र वादे

Rights, Justice, Action, For All Women and Girls

"सबै महिला र बालबालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर"

११६ औं अन्तराष्ट्रिय महिला दिवस २०८२ को अवसर सम्पूर्ण महिला र बालबालिकाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

महिला अधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयन लोकतान्त्रिक समाजको आधारस्तम्भ हो। महिलालाई समान अवसर, सम्मानजनक व्यवहार र सुरक्षित वातावरण उपलब्ध गराउनु राज्यको दायित्व मात्र नभई समाजको साझा जिम्मेवारी पनि हो। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, नेतृत्व विकास तथा निर्णय प्रक्रियामा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्नु आजको आवश्यकता हो।

"सबै महिला र बालबालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर" भन्ने आदर्श वाक्यले महिलाको अधिकारप्रति सम्मान गर्दै उनीहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा सक्षम र आत्मनिर्भर बनाउने हाम्रो प्रतिवद्धतालाई स्पष्ट गर्दछ। आत्मनिर्भर महिला मात्र सशक्त परिवार, समृद्ध समाज र सक्षम राष्ट्र निर्माणको आधार भएकोले महिला विरूद्ध हुने सबै प्रकारका विभेद, हिंसा र असमानताको अन्त्य गर्दै समानता, समावेशिता र न्यायमा आधारित समाज निर्माणका लागि हामी सबैलाई यस दिवसले थप जिम्मेवार र सक्रिय बनाउने विश्वास व्यक्त गर्दछु।

धन्यवाद। जय नेपाल।
२०८२ फागुन
नेपाल संवतः ११४६

कन्चन चन्द्र वादे
मा. मन्त्री
सामाजिक विकास मन्त्रालय